बाँझो जमिन उपयोग गर्नेलाई अनुदान

रामचन्द्र रायमाझी
पाल्पा, कात्तिक २३

पाल्पाका केही स्थानीय सरकारले बाँझो कृषियोग्य जमिन उपयोग गर्ने कृषकलाई अनुदान दिन थालेका छन् । पछिल्लो समय कोरोनाका कारण देशको अर्थतन्त्र अस्तव्यस्त भइरहँदा जिल्लाका केही स्थानीय सरकारले कृषि व्यवसायमा आकर्षण बढाउन र गाउँघरमै रोजगारीको अवसर सिर्जना गर्न कृषकलाई अनुदान दिन थालेका हुन् ।

यसअघि लामो समयदेखि बाँझो रहेको जमिन उपयोग गरेर खेती गर्ने कृषकलाई अनुदान दिने घोषणा गरेको जिल्लाको रैनादेवी छहरा गाउँपालिकाले कृषकलाई अनुदान दिएको छ । गाउँपालिकाले सबै वडाबाट बाँझो जग्गा प्रयोग गर्न चाहने कृषकको लगत संकलन गरी १ सय १४ जना कृषकलाई अनुदान दिएको हो । अन्नबालीतर्फ ८० जना र फलफूल खेतीतर्फ ३४ जनालाई अनुदान वितरण गरिएको गाउँपालिकाका प्रवक्ता विष्णुप्रसाद पोखरेलले बताउनुभयो । उहाँका अनुसार कृषकले बाँझो जग्गामा धान, मकै, कोदो, फलफूल सुन्तला, कागती उत्पादन गर्नेछन् । तरकारी तथा फलफूल खेती गर्नेलाई प्रतिरोपनी २ हजार, खाद्यान्न उत्पादन गर्नेलाई प्रतिरोपनी ३ हजारका दरले अनुदान दिइएको पोखरेलले जानकारी दिनुभयो । पोखरेलका अनुसार फलफूल उत्पादन गर्ने कृषकलाई २ हजार दिइने भने पनि अहिले पहिलो चरणमा ४० प्रतिशत मात्र दिइएको छ ।

हुन सक्ने खाद्य संकटलाई मध्यनजर गर्दै २ वर्षदेखि बाँझो रहेका खेतीयोग्य जमिन सदुपयोग गरी तरकारी, फलफूल र खाद्यान्न उत्पादन गर्ने कृषकलाई गाउँपालिकाले अनुदान दिन थालेपछि कृषक व्यावसायिक कृषितर्फ आकर्षित हुन थालेका छन् । गाउँपालिकामा खेतीयोग्य उर्वर जमिन रहे पनि यहाँका अधिकांश कृषकले जमिन बाँझो राख्ने गरेका छन् । अहिले अनुदान पाइने भएपछि भने कृषक खेती गर्ने योजनाका साथ अगाडि बढेका हुन् । जमिन बाँझो राख्ने कृषकलाई प्रोत्साहनस्वरूप गाउँपालिकाले अनुदान दिन लागेको गाउँपालिकाका अध्यक्ष रामबहादुर कार्कीले बताउनुभयो । उहाँले भन्नुभयो, 'लामो समयको लकडाउनका कारण खाद्य संकट हुनसक्ने विश्व स्वास्थ्य संगठनले गरेको आँकलनलाई मध्यनजर गरी उत्पादन बढाउन कृषकलाई अनुदान दिइएको हो ।' सम्भावित खाद्य संकटलाई मध्यनजर गर्दै किसानलाई प्रोत्साहन गर्न दिएको अनुदानले महत्त्वपूर्ण टेवा पुग्नेमा अध्यक्ष कार्कीले विश्वास व्यक्त गर्नुभयो । अनुदान लिने प्रयोजनका लागि मात्र बाँझो जग्गा उपयोग गर्ने कृषकका हकमा भने गाउँपालिकाले गाउँसभाले तोकेबोमोजिम प्रतिरोपनी बराबर वार्षिक ५० रुपैयाँका दरले भूमिकर लिने जनाएको छ । अनुदान पाएपछि कृषक अत्यन्तै उत्साहित भएको प्रमुख प्रशासकीय अधिकृत खेतबहादुर खत्रीले बताउनुभयो । गाउँपालिकाभित्र ६ सय ३२ रोपनी जग्गा बाँझो रहेको गाउँपालिकाका कृषि शाखा संयोजक सुनिता पोखरेलले बताउनुभयो । सबै बाँझो जग्गामा कृषकहरू खेती गर्न तयार रहेको पनि उहाँको भनाइ छ । बाँझो जग्गामा हालसम्म १ सय ७० जना कृषकले व्यावसायिक खेती गर्न निवेदन दिएकोमा अनुदानका लागि १ सय १४ जना मात्र छनोटमा परेको पोखरेलले बताउनुभयो ।

> **गाउँपालिकाले लामो समयदेखि बाँझो रहेको जमिन उपयोग गरेर खेती गर्ने कृषकलाई अनुदान दिएको हो । गाउँपालिकाले सबै वडाबाट बाँझो जग्गा प्रयोग गर्न चाहने कृषकको लगत संकलन गरी १ सय १४ जना कृषकलाई अनुदान दिएको छ ।**

सम्भावित खाद्य संकट रोक्न जिल्लाका रामपुर नगरपालिका र माथागढी गाउँपालिकाले पनि बाँझो जमिनमा खेती गर्नेलाई अनुदान दिने निर्णय गरेका छन् । माथागढी गाउँपालिकाले बाँझो जग्गामा खाद्यान्न, तरकारी तथा फलफूल खेती गर्नेलाई प्रतिरोपनी ३ हजार दिने निर्णय गरेको अध्यक्ष सन्तोष थापा मगरले बताउनुभयो । उहाँका अनुसार यदि कुनै पनि कृषकले आफ्नो स्वामित्वको बाँझो जमिन उपयोग नगरे ३ वर्षका लागि सम्झौता गरी भाडामा समेत दिन सक्नेछन् । गाउँपालिकाले अहिले जमिन बाँझो राख्नेको लगत संकलन कार्य गरिरहेको छ ।

निजी क्षेत्रसँग सहकार्य गर्ने राजदूतको प्रतिबद्धता

हिमालय टाइम्स
काठमाडौं, २३ कात्तिक

जर्मनीका लागि नवनियुक्त राजदूत रामकाजी खड्काले कार्यक्षेत्रमा रहँदा निजी क्षेत्रसँग सहकार्य गरेर काम गर्ने बताउनुभएको छ । राष्ट्रको आर्थिक विकासका लागि आफ्नो कार्यकाललाई अधिकतम सदुपयोग गर्दै आफू कार्यरत देशबाट मुलुकभित्र लगानी, प्रविधि तथा आपसी सम्बन्ध विस्तारमा परिणामदायी कार्य गर्ने उहाँले बताउनुभयो । राष्ट्रले अघि सारेको रणनीतिअनुसार जर्मनीमा रहेर आफूले नवीनतम तवरले आर्थिक कूटनीतिका माध्यमबाट सहयोग गर्ने र सो क्रममा निजी क्षेत्रसँगसमेत नजिकमा रहेर कार्य गर्ने उहाँको भनाइ छ । महासंघका उपाध्यक्ष किशोर कुमार प्रधानसँग आइतबार महासंघ सचिवालयमा भएको भेटवार्तामा राजदूत खड्काले यस्तो बताउनुभएको हो ।

राजदूत खड्काले कोरोनाका कारण विश्वको अर्थतन्त्र धाराशायी भइरहेको समयमा आफू जिम्मेवारी सम्हाल्दै गरे तापनि आफ्ना तर्फबाट पूर्णरूपमा मुलुकको आर्थिक समृद्धिमा पहल गर्ने र त्यसका लागि निजी क्षेत्रसँग सहकार्य गरेर जाने विश्वास व्यक्त गर्नुभयो । महासंघका उपाध्यक्ष प्रधानले आर्थिक व्यावसायिक विकासमा निजी क्षेत्रले स्वदेशमा गरिरहेको प्रयासमा आफू कार्यरत देशमा रहेर सहयोग गर्न राजदूत खड्कालाई आग्रह गर्नुभयो । नेपाली उत्पादनहरूको बजारीकरण गरी निर्यात प्रवर्द्धनमा सघाउ पुऱ्याउनसमेत उहाँले आग्रह गर्नुभयो ।

परिसंघमा बेल्जियमका राजदूत

नेपाल उद्योग परिसंघका पदाधिकारी र बेल्जियमका लागि नेपाली राजदूत गेहेन्द्र राजभण्डारीबीच आइतबार परिसंघको कार्यालयमा छलफल भएको छ । सो अवसरमा परिसंघका अध्यक्ष सतिशकुमार मोरले परिसंघले आर्थिक कूटनीतिमार्फत वैदेशिक लगानी प्रवर्द्धनमा जोड दिएको बताउनुभयो । अध्यक्ष मोरले स्वदेशी पुँजीलाई परिचालन गरी रोजगारी सृजना गर्न र उद्योगको क्षमता अभिवृद्धि गरी औद्योगिकरणमार्फत देशको अर्थतन्त्रलाई मजबुत बनाउन परिसंघ क्रियाशील रहेको पनि बताउनुभयो ।

नेपाल र बेल्जियमबीच सु-सम्बन्ध रहँदै आएको बताउँदै दुई देशबीचको सम्बन्धनलाई थप प्रगाढ बनाई नेपाली कार्पेट र हस्तकला निर्यात प्रवर्द्धनमा जोड दिनुभयो । बेल्जियम र युरोपियन युनियनमा आबद्ध राष्ट्रमा नेपालको धार्मिक, सांस्कृतिक र पर्यटनको गन्तव्यस्थललाई उजागर गर्ने प्रकारका कार्यक्रम र प्रचारात्मक सामग्रीमार्फत नेपालमा पर्यटन प्रवर्द्धनको पहल गर्नसमेत मोरले आग्रह गर्नुभयो । परिसंघका वरिष्ठ उपाध्यक्ष विष्णुकुमार अग्रवालले नेपालले अन्य मुलुकमा जस्तै बेल्जियम र युरोपियन युनियनमा आबद्ध मुलुकमा पनि पर्यटन प्रवर्द्धन, हस्तकलाको प्रदर्शनी र उनी गलैंचा निर्यातलाई प्रवर्द्धन गर्नसके राष्ट्रिय अर्थतन्त्रमा योगदान पुग्नसक्ने बताउनुभयो ।

राजदूत राजभण्डारीले लगानी विस्तार र आर्थिक विकासका लागि सरकार र निजी क्षेत्रको सधैं सहकार्य हुनुपर्ने भन्दै वैदेशिक लगानी विस्तारमा पहल गर्ने प्रतिबद्धता जनाउनुभयो । सम्भाव्यता बोकेका नेपाली उत्पादनको निर्यात प्रवर्द्धनलगायत नेपाल वायुसेवा निगमको उडानलाई सहज बनाउन पनि पहल गर्ने बताउनुभयो ।

३ अर्बभन्दा बढीको शेयर कारोबार

हिमालय टाइम्स
काठमाडौं, २३ कात्तिक

साताको पहिलो दिन आइतबार नेप्से दोहोरो अंकले बढेको छ । ६ वटा कम्पनीको शेयरमूल्य करिब १० प्रतिशतले बढेको छ भने कारोबार रकम साढे ३ अर्बभन्दा बढी पुगेको छ । नेप्से १२.४९ अंकले बढेर १ हजार ६४८.५८ अकंमा पुगेको हो । ठूला कम्पनीको सूचक मापक सेन्सेटिभ इण्डेक्स १.५७ अंकले वृद्धि हुँदै ३२५.९४ अंकमा पुगेको छ । १९८ कम्पनीका १ करोड ८ लाख ६३ हजार कित्ता शेयर ४१ हजार ७ सय ६७ पटक खरिद बिक्री हुँदा ३ अर्ब ५२ करोड ६७ लाख ७७ हजार रुपैयाँको कारोबार भएको नेपाल स्टक एक्स्चेन्ज(नेप्से)ले जनाएको छ । कारोबारमा आएका १२ समूहमध्ये १० समूहको परिसूचक बढेको छ भने २ समूहको घटेको छ । व्यापार समूहको सर्वाधिक ८.५८ प्रतिशत बढेको छ भने उत्पादनमूलक ४.०४, अन्य २.६३ प्रतिशत, हाइड्रोपावर २.१४, होटलको १.५८ र म्युचुअल फण्डको १.४१ प्रतिशत बढेको छ । नेपाल पुनर्बिमा कम्पनीको सर्वाधिक २५ करोड ९२ लाख २ हजार रुपैयाँ बराबरको शेयर कारोबार भएको छ भने हिमालयन डिष्टिलरीको १५ करोड ९६ लाखको कारोबार भएको छ । त्यस्तै, शिखर इन्स्योरेन्सको १२ करोड ३० लाख, अपि पावरको १२ करोड ८ लाख, बैंक अफ काठमाण्डूको १० करोड ४८ लाख र शिवम् सिमेन्ट्सको १० करोड ३५ लाख रुपैयाँको कारोबार भएको छ । हिमाल दोलखा, अरुण भ्याली, एनटिसी र अरुण काबेली पावर शीर्ष १० कम्पनीमा समेटिएका छन् । आइतबार ६ वटा कम्पनी हिमालयन डिष्टिलरी, साल्ट ट्रेडिङ कर्पोरेशन, दिव्यश्वरी हाइड्रो, मिथिला लघुवित्त, युनिभर्सल पावर कम्पनी र सानिमा जनरल इन्स्योरेन्सको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको थियो ।

सहकारीले पुसभित्र साधारणसभा गरिसक्नुपर्ने

हिमालय टाइम्स
काठमाडौं, २३ कात्तिक

काठमाडौं महानगरपालिकाले सहकारीलाई आगामी पुस मसान्तभित्र साधारणसभा सम्पन्न गर्न आग्रह गरेको छ । महानगरपालिकाको सहकारी विभागले सो मितिसम्ममा साधारणसभा गरी त्यसको १५ दिनभित्र प्रतिवेदन बुझाउन आग्रह गरेको हो । कोरोनाका कारण धेरै सहकारीले साधारणसभा गर्न बाँकी रहेको अवस्थामा सहकारीलाई स्वास्थ्य मापदण्ड पालना गर्दै साधारणसभा सम्पन्न गर्न भनिएको विभागले जनाएको छ ।

सहकारीहरूले साधारणसभा (कार्यव्यवस्था निर्देशिका, २०७६) बमोजिम गणपूरक संख्या पुऱ्याएर मात्र साधारणसभा गर्नुपर्नेछ । महानगरपालिकाको सहकारी विभागले एक सूचना जारी गर्दै यस्तो आग्रह गरेको हो । महानगरपालिकाले साधारणसभाको मापदण्डसमेत तोकेको छ । सहकारी सस्थामा सदस्य बनाएर मात्र कारोबार गर्ने र सबै सदस्यलाई साधारणसभामा उपस्थितिका लागि आह्वान गर्ने, साधारणसभामा कुल सदस्य संख्याको कम्तीमा ५१ प्रतिशत सदस्य उपस्थित नभए गणपूरक संख्या पुऱ्याएर मात्र साधारणसभा गर्ने, साधारणसभामा सदस्यहरूको भूमिकालाई अझ सक्रिय बनाउन उद्घाटन सत्रमा मन्तव्यको कार्यक्रम नराखी सोझै एजेण्डामा छलफल गर्ने वातावरण मिलाउने सूचनामा उल्लेख छ । त्यस्तै, लेखापरीक्षण प्रतिवेदन, सञ्चालक समिति तथा लेखा समितिको प्रतिवेदन एवं पेस हुने अन्य सबै प्रतिवेदन तथा विषयमाथि पर्याप्त छलफल गराएर मात्रै पारित गर्ने, सञ्चालक समिति तथा लेखा समितिको निर्वाचन हुने भए प्रचलित कानुन, मापदण्ड एवं विनियमअनुसार योग्यता पुगेका सदस्यमध्येबाट निर्वाचित गर्ने, साधारणसभाबाट चालु आर्थिक वर्षको संस्थाको हिसाब किताबको लेखापरीक्षण गर्न एकजना लेखापरीक्षक र आवश्यकताअनुसार वैकल्पिक लेखापरीक्षक नियुक्तिको निर्णय गर्ने र निजको पारिश्रमिक तोक्ने, संस्थाको विनियम संशोधन कार्यविधि, नियमावली, नीति साधारणसभाबाट पारित गर्ने, संस्थाको चालु आवको बजेट, नीति तथा कार्यक्रम साधारणसभाबाटै अनुमोदन गर्ने रहेको छ ।

विदेशमा थप ५४४ नेपाली कोरोना संक्रमित

काठमाडौं/हिटा । कोरोना भाइरसको विश्वव्यापी दोस्रो छाल सुरु भएयता थप दुई देशका नेपालीमा संक्रमण देखिएको छ । गैरआवासीय नेपाली संघ (एनआरएन)का अनुसार गतसाता अष्ट्रिया र चेक रिपब्लिकमा रहेका नेपालीमा संक्रमण देखिएको हो । विश्वभर ४४ देशमा रहेका नेपालीमा कोराना संक्रमण देखिएको छ । एनआरएनए स्वास्थ्य समितिका अनुसार गत साता विदेशमा रहेका थप १ हजार १ सय ६३ जना नेपालीलाई कोरोनामुक्त भएका छन् भने थप ५ सय ४४ जनामा संक्रमण देखिएको छ । समितिका संयोजक डा. सञ्जीव सापकोटाले विदेशमा ४४ हजार १ सय १३ जना नेपाली कोरोना संक्रमणमा परेको जानकारी दिनुभयो । तीमध्ये ४० हजार ७ सय २८ जना अर्थात् ९२ प्रतिशत कोरोनामुक्त भएका छन् ।

Pyuthan Municipality
Office of the Municipal Executive
Bijuwar, Pyuthan

INVITATION FOR SEALED
BIDS/SEALED QUOTATION
Second Date of Publication: 2077/07/24 B.S (09stNov 2020 AD)

1. Office of the Municipal Executive, Pyuthan (OME Pyuthan) has received grant from **GON** for Majhkot Bhitrikot Khanipani Yojana, Chhepane Khanipani Yojana and Thapadhanda Khanipani Yojana and OME Pyuthan intends to apply the funds to cover eligible payments under the contract for construction of works and further OME Pyuthan allocates fund. Bidding is open to all eligible Nepalese Bidders.
2. The OME Pyuthan invites sealed bids/quotation from registered eligible bidders for for Majhkot Bhitrikot Khanipani Yojana ,Chhepane Khanipani Yojana and Thapadhanda Khanipani Yojana.
3. The Bidder having valid firm registration, VAT/PAN registration certificates, tax clearance certificate up to **FY 2076/077** are eligible for bidding.
4. Interested eligible Bidders may obtain further information and inspect the bidding documents at Pyuthan Municipality Office, Pyuthan Phone No. 086-460291 or may visit E-procurement section of PPMO's Web Site https://bolpatra.gov.np/egp.
5. Bidder must purchase the bidding documents as mentioned above or within office hour of **2077/08/08** from PPMO's Web Site https://bolpatra.gov.np/egp Bidders, submitting their bid electronically, should deposit the cost of One thousands of bidding document in the OME Pyuthan's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids a

   Name of Bank : Nepal Bank Limited, Khalanga, Pyuthan
   Name of Office : Office of Municipality Executive, Pyuthan Bijuwar
   Revenue Account : 28103000001001000001
   Deposit Account : 28103000003000000001
6. Bidders must submit their bid on or before **12:00**hrs on **2077/08/09** electronically through E-Procurement section of PPMO's Web Site https://bolpatra.gov.np/egp as specified in the Instruction to Bidders. Documents received after deadline will not be accepted.
7. The bids will be opened at **13:00hrs On 2077/08/09** physically and electronically in the presence of Bidders' representatives who choose to attend at OME, Pyuthan Bijuwar. Bid Security must be valid for a period of 45 days after the deadline for bid submission date & must be accompanied by minimum bid security amount listed below, which shall be valid for 30 days beyond the bid validity period.
8. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
9. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
10. The name and identification of the contract are as follows:

S. N.	Contract ID No	Description of Work	Estimated Amount (Excluding VAT & Contingencies)	Bid Security Amount	Bid Document Cost	Remarks
1	**06/MUN/2077/78/M-WSSP**	Majhkot Bhitrikot Khanipani Yojana	**859,266.07**	**25000**	**1000**	Sealed Quotation
2	**07/MUN/2077/78/C-WSSP**	Chhepane Khanipani Yojana	**945,194.77**	**27500**	**1000**	Sealed Quotation
3	**08/MUN/2077/78/T-WSSP**	Thapadhanda Khanipani Yojana	**1,718,535.81**	**50000**	**1000**	Sealed Quotation

Chief Administrative Officer
Pyuthan Municipality